# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं फाल्गुन ४ गते २०१० साल

भाग २

## अर्थमन्त्रालय (खर्च–व्यवस्थाविभाग) को सूचना

संख्या–११३६ २०१०–११–३

ककसले भर्ना र सदर गर्ने विषयमा धेरैजसो अड्डाहरूको नाउँमा भैरहेको अखतियारी, मुलुकी सवालमा नै दिइएको र त्यसबाहेक अरू अड्डाखानाहरूलाई पनि उक्त विषयको अखतियारी भैरहेको बुझिएकोले त्यस्ता अड्डाहरूले आफूलाई भैरहेको उक्त विषयको अखतियारीको १ प्रति नकल अर्थमन्त्रालय खर्चव्यवस्था विभागमा यो सूचना प्रकाश भएको १५ दिनभित्र पठाउनुहोला ।

आज्ञाले—

चूडानन्द वैद्य.

का. मु सेक्रेटरी— अर्थमन्त्रालय.



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

९८४

# अर्थमन्त्रालय (आय-विभाग)को सूचना

संख्या १० गृ. प. वि. ४४।४६०१          २०१०-११-१

प्रज्ञापनपत्रहरूमा गलत घोषणा भन्ने लवज विभिन्न अर्थमा व्यवहार गरिएको छ। महाजनहरूले भर्ने प्रज्ञापनपत्रमा गलत घोषणाको अर्थ असल जातको मालको बदलामा कमसल जातको माल भनी लेखाउनु, धेरै मालको बदलामा थोरै माल लेखाउनु इत्यादि बेहोरा दाँइनु हो। सरकारी अड्डाहरूले यसकिसिमको गलत घोषणा गर्नुपर्ने आवश्यकता केही छैन। सरकारी अड्डाखानाहरूले भर्ने नं. २ को प्रज्ञापनपत्रमा गलत घोषणाको अर्थ आफ्नो निजी माललाई सरकारी माल भनी लेख्नु, सरकारी कामको निम्ति भए पनि ठेकदार, कन्ट्राक्टरले वा मार्फत झिकाएको माललाई सरकारी अड्डाखानाले सरकारी कामको निम्ति झिकाएको भनी लेख्नु हो। यस किसिमको गलत घोषणा गरे सो गर्ने कर्मचारीलाई समेत प्रज्ञापनपत्रमा लेखिएबमोजिम सजाय हुनु पनि पर्छ। प्याकिङ्ग स्लीप बिल बीजक टायममा आइनपुगेको अदर्तभित्र रहेको मालको विवरण दिन सक्तैन भनी नं. २ को प्रज्ञापनपत्र भर्नेहरूले लेखिदिएमा त्यस्तो अड्डाहरू साक्षीका सामुन्ने खोली प्रज्ञापनपत्र भराई लिनू भन्ने ०१०।१०।२३ मा निकाशा भै आएको हुनाले सूचित गरिएको छ। सोबमोजिम गर्नु गराउनुहोला।

आज्ञाले —
चूडानन्द वैद्य
का. मु. सेक्रेटरी— अर्थमन्त्रालय.

---

गोरखापत्र छापाखानामा मुद्रित

ाधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

९८५